जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ६८ २०८२ साल असोज २३ गते बिहीबार (9 Oct 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : सामान्य विवादले ठूलो रुप ... ३ पृष्ठमा : नेपाल सरकार र जर्मन ... ३ पृष्ठमा : युक्रेनी आक्रमणले ...

# तलब नपाएको भन्दै शिक्षकहरुले पालिकामा गरे तालाबन्दी

**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

नेपालीहरुको महान चाड दशैंको बेला पनि शिक्षकहरुले तलब नपाएको र अहिले पनि तलब पाउन कुनै छाटकाट नदेखेको भन्दै सप्तरीको खडक नगरपालिकाका शिक्षकहरुले बुधबार नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेका छन् ।

सो नगरपालिकाका १५ जना शिक्षकहरुद्वारा हस्ताक्षरित विज्ञप्तिमा नेपाल सरकारले मासिक रुपमा तलब दिन निर्णय गरे पनि नगरपालिकाले त्रैमासिक रुपमा समेत तलब निकासा नगरेको भन्दै बाध्य भई तालाबन्दी गर्नु परेको उल्लेख छ ।



चार महिनासम्म तलब नदिई भोको पेटले काम गर्न बाध्य बनाएको भन्दै उनीहरुले नगरपालिका कार्यालयको मूल गेटमा ताला लगाएका हुन् । ताला लगाउदै उनीहरुले पठनपाठन ठप्प गरी बिहीबारदेखि नगरपालिकामै धर्ना दिने बताएका छन् ।

असोज २ गते आफूहरुले तलब, भत्ता माग गर्दै बिरोध गरेपछि सोही दिन बसेको कार्यपालिकाको बैठकले तलब निकासा गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक कारोबार गर्न अख्तियारी दिने निर्णय गरेको शिक्षकहरुले विज्ञप्तिमा बताएका छन् ।

उक्त अख्तियारी नदिएपछि आफूहरु पुनः असोज ७ मा जिल्ला प्रशासन कार्यालयमा समेत जानकारी गराएको उनीहरुले बताएका छन् ।

भोको पेट र निसासिएको आत्मालाई सम्पूर्ण न्यायप्रेमी अभिभावक, बुद्धिजिवी, विद्यार्थी, कर्मचारी, जनप्रतिनिधीले सहयोग गर्ने विश्वास व्यक्त गर्दै शिक्षकहरुले विज्ञप्तीमा 'आफूहरुको आन्दोलनबाट सेवाग्राहीमा पर्न जाने असुविधाप्रति

बाँकी दुई पृष्ठमा

# 'फौजदारी कसुरमा संलग्नलाई कारबाही गर्न आयोगको प्रतिवेदन कुर्न पर्दैन'

काठमाडौं, २२ असोज (रासस) । भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ ले फौजदारी कसुरमा संलग्नलाई नेपाल सरकारका संयन्त्रहरूबाट तत्काल अनुसन्धान र कारबाही गर्न प्रतिवेदन कुर्न नपर्ने जनाएको छ ।

आयोगका सदस्य विज्ञानराज शर्माद्वारा जारी विज्ञप्तिमा आयोगबाट कार्यादेशबमोजिम रायसहितका प्रतिवेदन प्राप्त भएपश्चात् नेपाल सरकारले कानुनबमोजिम गर्ने भन्ने गृह मन्त्रालयबाट यही असोज ९ गते जारी विज्ञप्तिप्रति आयोगको ध्यानाकर्षण भएको उल्लेख छ ।

आयोगलाई भौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीका सम्बन्धमा आवश्यक राय दिने कार्यादेश रहेको विज्ञप्तिमार्फत स्मरण गराइएको छ ।

'जेनजी' प्रदर्शनका क्रममा काठमाडौंलगायत मुलुकका विभिन्न भागमा भएका भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गरी प्रतिवेदन पेस गर्न उक्त आयोग गठन भएको थियो । आयोगले यही असोज ९ गतेदेखि कार्य प्रारम्भ गरिसकेको छ ।

# बैंकमा नाटकीय ढंगले रकम लुटेर फरार महिला समूह खोज्दै प्रहरी



**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

एक बृद्ध ग्राहकलाई नाटकिय ढंगबाट लुटने दुई महिलासहित तीन जनाको खोजीमा प्रहरी सक्रिय भएका छन् ।

बैंकमा पैसा जम्मा गर्न आएका बृद्ध ग्राहकको झोलाबाट एक लाख रुपैयाँ लुटी फरार भएको दृश्य बैंकको सिसिटिभी क्यामरामा कैद र पीडित व्यक्तिको उजुरीका आधारमा प्रहरीले खोजीकार्य तिब्र पारेको हो ।

प्राप्त घट्ना विवरण अनुसार गत असोज १२ गते आइतबारका दिन राजविराजस्थित आइडियल सहकारी संस्थामा राजगढ

बाँकी तीन पृष्ठमा

# विमानस्थल दुई घण्टा कडा सुरक्षा घेरामा




**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

जेनजी समूहका युवाहरुले बुधबार बिहान राजविराज विमानस्थलको भिआईपी कक्षको निरिक्षण गरेका छन् ।

जेनजी समूहले यस अघि नै विमानस्थल कार्यालयमा सञ्चालनमा रहेका भिआइपी कक्षलाई बन्द गनुपर्ने चेतावनी दिएका थिए । सोको पालना भए नभएको भनि हेर्न आएका थिए ।

जेनजी समूहका युवाहरुलाई मुल गेटमा सैना र प्रहरीले केहीबेर रोकेका थिए । सो क्रममा सामान्य भनाभन समेत भएको थियो ।

त्यसपछि जेनजीका अगुवाहरु मध्येका एक मोहन यादवको अगुवाइमा ५/६ जना युवालाई भित्र प्रवेश गर्न दिइएको थियो । उनीहरु भिआइपी कक्ष बन्द रहेको आफ्नै आँखाले देखेपछि आश्वस्त भई फर्केका थिए ।

कुनै अप्रिय घटना नहोस् भन्ने उद्देश्यले विमानस्थल कार्यालयलाई दुई घण्टा नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीले सुरक्षा व्यवस्था मिलाएको नेपाल नागरिक उड्ययन प्राधिकरण कार्यालय राजविराजका प्रमुख ज्योति प्रकाश साहले बताए ।

विमानस्थल सुरक्षाका लागि आफै खटेका बरखगणका गणपती सोवित बहादुर चन्देले सम्भावित क्षतिबाट विमानस्थललाई जोगाउन सुरक्षा व्यवस्था कडा पारिएको बताए । उनले मुलुकको संरचना जोगाउने काम आफूहरुको मात्र नभई जेनजीका युवा भाइहरुको पनि रहेको भन्दै आफ्नो कुरा र गतिविधि संयमित भएर गर्न सचेत गराएका थिए ।

कार्यालय प्रमुख साहले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन पश्चात नै विमानस्थलमा रहेको भिआइपी कक्ष बन्द गरिएको गराएका थिए ।

**आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।**

- नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरूको भ्रमण गरौं,
- जात्रा, नाचगान, भेषभुषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
- पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
- ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
- आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

# कोशी अस्पतालमा 'जेनजी क्लिनिक' सञ्चालन

विराटनगर, २२ असोज (रासस)।

यहाँस्थित कोशी अस्पतालमा जेनजी क्लिनिक सञ्चालनमा आएको छ। गत भदौ २३ र २४ को प्रदर्शनका क्रममा भएका घाइतेहरूलाई शीघ्र स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले क्लिनिक सञ्चालनमा ल्याइएको हो।

गृह मन्त्रालयको पहल र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको निर्देशनअनुसार अस्पतालले उक्त क्लिनिक सञ्चालनका ल्याएको हो।

अस्पतालकी प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा रुणा झाले उक्त क्लिनिक कुनै विशेष उपचार केन्द्र नभई जेनजी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूका लागि छिटो र प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने समन्वयात्मक प्रणाली भएको बताउनुभयो। उहाँका अनुसार गृह मन्त्रालय र सिडिओ कार्यालयको समन्वयमा जेनजी आन्दोलन घाइतेका रूपमा परिचयपत्र प्राप्त गरेका व्यक्तिहरू अस्पतालमा आएपछि उनीहरूलाई जेनजी क्लिनिकमार्फत प्राथमिक सेवा प्रदान गरिनेछ।

"यो जेनजी क्लिनिक भन्नाले नयाँ वा छुट्टै स्वास्थ्य सेवा होइन, जेनजी आन्दोलनका घाइतेलाई तुरुन्त उपचार उपलब्ध गराउने संयन्त्र हो, मेसु डा झाले भन्नुभयो, "सिडिओ अफिसमार्फत गृह मन्त्रालयले घाइते परिचयपत्र जारी गरेको छ, र त्यस्तो कार्ड बोकेका बिरामी अस्पतालमा आइपुग्दा उनीहरूलाई छिटो उपचार सेवा दिने व्यवस्था गरिएको हो।"

यो क्लिनिक सञ्चालनका लागि अस्पतालले पाँच सदस्यीय समिति गठन गरेको छ। समितिको संयोजकमा अर्थोपेडिक विभाग प्रमुख डा महेन्द्रप्रसाद महतो रहेका छन्। समितिका सदस्यहरूमा फिजिकल मेडिसिन विभाग प्रमुख डा सुनिलबाबु खनाल, सर्जिकल विभागका मेडिकल अधिकृत डा क्षितिज गिरी, अ.न.नि. तथा ओपिडी इन्चार्ज श्रीमती नविता शर्मा र सि.अ.हे.ब अधिकृत (सम्पर्क व्यक्ति) कामेश्वर परिहस्त सदस्य सचिवका रूपमा रहेका छन्।

उक्त समितिमार्फत अस्पतालमा आउने जनआन्दोलनका घाइते बिरामीहरूको छिटो उपचारका लागि समन्वय, व्यवस्थापन तथा आवश्यक सुविधा उपलब्ध गराउने काम गरिने अस्पतालले जनाएको छ। समितिले अस्पतालका विभिन्न विभागसँग मिलेर बिरामीहरूको उपचार प्रक्रिया सहज र छरितो बनाउन आवश्यक योजना तयार पार्नेछ।

"यो हाम्रो नियमित अस्पताल सेवामा जोडिएको एउटा समन्वयात्मक प्रणाली हो, जसले जेनजी आन्दोलनका घाइतेहरूलाई सम्मानका साथ छिटो उपचार दिलाउन मद्दत गर्नेछ", मेसु झाले भन्नुभयो। स्वास्थ्य मन्त्रालयको पत्राचारपछि देशभरका प्रमुख अस्पतालहरूमा यस्तो व्यवस्था सुरु गरिएको हो। यो कार्यक्रम जेनजी आन्दोलनका क्रममा घाइते भएकाहरूको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने सरकारी प्रयासको रूपमा लिइएको छ।


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# सामान्य विवादले ठूलो रुप लिँदा दलित बस्तीमा तोडफोड र लुटपाट

सिरहा, २२ असोज (रासस)।

यही असोज १ गते विश्वकर्मा पूजाका क्रममा भएको एउटा विवादले ठूलो रुप लिँदा कल्याणपुर नगरपालिका-८ स्थित अरड गाउँको ठूलोपोखरी डिलमा पाँच दलित परिवार समस्यामा परेका छन्। विश्वकर्मा पूजामा गाउँमा आर्केस्ट्रा ल्याइएको थियो। आर्केष्ट्रामा नाचगान गर्ने क्रममा भएको सामान्य विवादपछि दलित परिवारका घरमा तोडफोड तथा लुटपाट भएको छ।

पीडितका अनुसार नाचगानका क्रममा केहीले मदिरा पनि सेवन गरेका थिए। यसैक्रममा केही दलित युवा र स्थानीय प्रभाषसिंह राजपुतबीच भनाभन भयो। सुरुमा सामान्य लागेको विवाद यत्तिकै सुल्झिएन। दलित परिवारमा बस्तीबाट उठाइदिने धम्की समेत आयो। धम्की आएपछि दलित परिवार सुरक्षा माग गर्दै इलाका प्रहरी कार्यालय, कल्याणपुर पुगेका थिए।

प्रहरीले विवाद समाधान गर्न यही असोज १२ मा छलफल राखेको थियो। तर त्यस दिन छलफल नभएपछि अर्को छलफल असोज २१ गतेका लागि तोकिएको थियो। उक्त छलफल हुनुअघि अर्थात् असोज १७ गते शुक्रबार दिउँसो करिब २ बजेतिर २०/२५ जनाको समूहले दलित बस्ती तहसनहस पाऱ्यो।

उक्त समूहले पाँचवटा दलितका घरमा तोडफोड र लुटपाट गरेको पीडित सोभित पासमानले बताउनुभयो। "तोडफोड र लुटपाटको समयमा इलाका प्रहरी कार्यालय कल्याणपुरका केही प्रहरी घटनास्थलमै थिए, तर कसैले केही बोलेन। उनीहरुले रोक्ने प्रयास पनि गरेनन्, यसले हामीलाई थप भयभित बनायो", उहाँले भन्नुभयो।

पीडितहरूका अनुसार, अशोक पासमानको घरबाट चार आना सुन र ३० तोला चाँदीका गहना, राजकुमार पासमानको घरबाट खाद्यान्न, रासलाल पासमानको घरबाट खाद्यान्नका साथै चार आना सुन, १० तोला चाँदीका गहना र रु १८ हजार र बिन्दे पासमानको घरबाट २० तोला चाँदी, दुई आना सुन र रु तीन हजार लुटिएको छ।

त्यस्तै, खाना पकाउने भाँडा, लत्ताकपडादेखि बगैँचाबाट आँप, अम्बा, केरा र कागतीका बोटमा पनि क्षति पुऱ्याइएको छ। पीडित राजकुमार पासमानका अनुसार पाँचवटा परिवारका ३० जनाको परिवार अहिले अलपत्र अवस्थामा छ।

घटना भएको भोलिपल्ट प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी र जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्मा बस्तीमा पुग्नुभएको थियो। उहाँहरुले स्थलगत अनुगमनपछि पीडित परिवारलाई त्रिपाल, कम्बल र झुल वितरण गर्नुभएको थियो।

**१३ जना विरुद्ध जाहेरी**

बस्तीमा भएको तोडफोड र लुटपाट प्रकरणमा वडाध्यक्ष रामकिशोर यादवसहित १३ जनाविरुद्ध किटानी जाहेरी परेको छ। पीडितहरूले इलाका प्रहरी कार्यालय मिर्चैयामा सोमबार आपराधिक उपद्रवसम्बन्धी जाहेरी दिएका हुन्। उनीहरूले वडाध्यक्ष यादव, प्रभास सिंह, कलास सिंह, रामनारायण सिंह, मुस्तफा राइन, गणेश कामतीलगायतका व्यक्तिविरुद्ध तोडफोड, लुटपाट र दुरुत्साहनको आरोप लगाएका छन्।

**वडाध्यक्षसहति तीन जना पक्राउ**

प्रहरीले वडाध्यक्ष यादवलाई भिडलाई उक्साएको आरोपमा नियन्त्रणमा लिएको छ। यादवलाई गत शनिबार नै इलाका प्रहरी कार्यालय, मिर्चैयाबाट पक्राउ गरी हिरासतमा राखिएको हो। इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक राजेशराज पुरीले जाहेरीमा समेत नाम उल्लेख रहेका वडाध्यक्ष यादवसहित कामती र कलासलाई पक्राउ गरिसकेको र अन्यको खोजतलास र अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

**पीडित परिवारलाई नगरपालिकाको राहत**

पीडित परिवारलाई नगरपालिकाले सोमबार राहत सामग्री प्रदान गरेको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवका अनुसार, प्रतिपरिवार २५ किलो चामल, पाँच किलोका दरले दाल, चिउरा, मुरही, सोयाबिन, आलु, प्याज, आटालगायतका सामग्री उपलब्ध गराइएको छ।

पीडित परिवारको आवासका लागि समेत पहल भइरहेको जानकारी दिँदै कार्यबाहक नगर प्रमुख रेखादेवी यादवले भन्नुभयो, "उहाँहरूलाई तत्कालका लागि राहत दिएका छौं, आवासको व्यवस्थापनबारे नगरपालिकामा छलफल भइरहेको छ।"

# स्वच्छ प्रतिस्पर्धामार्फत राजनीतिक निकास खोज्न आयोगको आग्रह

काठमाडौं, २२ असोज (रासस)।

राष्ट्रिय मानवअधिकार आयोगले जनमतमा आधारित स्वच्छ राजनीतिक प्रतिस्पर्धामार्फत राजनीतिक निकासको प्रक्रियामा सहभागी हुन राजनीतिक दल र समूहलाई आग्रह गरेको छ।

आयोगले सो कार्यमा सघाउन नागरिक समाज, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीलाई अनुरोध गरेको छ। "बिभिन्न समूहले आगामी दिनमा गर्ने भनिएका प्रदर्शनलाई मर्यादित र संयमित बनाउन, अरुप्रति लक्षित घृणायुक्त अभिव्यक्ति बन्द गर्न, सामाजिक सद्भाव कायम राख्न र जनमतमा आधारित स्वच्छ राजनीतिक प्रतिस्पर्धामार्फत राजनीतिक निकासको प्रक्रियामा सहभागी हुन आयोग राजनीतिक दल र समूहलाई आग्रह गर्दछ", आयोगका प्रवक्ता डा टीकाराम पोखरेलद्वारा बुधबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ।

आयोगले विकसित परिस्थितिमा शान्ति सुरक्षा र बिधिको शासनलाई मजबुत बनाउन सुरक्षा निकायको मनोबल उच्च बनाउँदै धैर्यता र संयमतापूर्वक आवश्यक कदमहरू चाल्न आयोग नेपाल सरकारलाई निर्देशन समेत दिएको छ।

विज्ञप्तिमा भनिएको छ, "हिंसात्मक गतिबिधि, अरुप्रति लक्षित नकारात्मक टीकाटिप्पणी र घृणायुक्त अभिव्यक्तिले सामाजिक सद्भाव खल्बलिने र राजनीतिक बाताबरण समेत धुमिलहुने हुँदा यसबाट शान्ति सुरक्षा र बिधिको शासनमाथि नै प्रतिकूल असर पर्न जान्छ।"

आयोगले सार्बजनिक तथा व्यक्तिगत सम्पत्तिको संरक्षण गर्नु, बिधिको शासन कायम गर्नु, सामाजिक सद्भाव कायम राख्दै जनमतमा आधारित स्वच्छ राजनीतिक प्रतिस्पर्धामार्फत वर्तमान सङ्क्रमणकालीन अवस्थालाई निकास दिनु राज्यका निकायको दायित्व हुने र त्यस्तो प्रक्रियालाई सघाउनु आमनागरिकको कर्तव्य हुने उल्लेख गरेको छ।

# सबै स्थानीय तहमा आयुर्वेद केन्द्र पुग्यो

काठमाडौँ, २२ असोज (रासस)।

सरकारले ७५३ वटै स्थानीय तहमा आयुर्वेद केन्द्र पुऱ्याएको छ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका निमित्त महानिर्देशक डा श्यामबाबु ठाकुरले मुलुकका सबै स्थानीय तहमा आयुर्वेद केन्द्र स्थापना गरिएको जानकारी दिनुभयो।

आयुर्वेद स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय नभएका स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्रका रुपमा आयुर्वेद औषधालय स्थापना गरिएको उहाँले बताउनुभयो। उक्त सेवा केन्द्रमा एक जना कविराज तहका आयुर्वेद जनशक्तिको व्यवस्था हुनेछ।

हरेक पालिका तहमा रहेका ती आयुर्वेद केन्द्रबाट निःशुल्करुपमा आयुर्वेद औषधिका साथै उपचार सेवा पनि प्रदान गरिने छ। यस्तै आरोग्य केन्द्रहरूमा भने योग पनि सिकाइने डा ठाकुरले जानकारी दिनुभयो।

'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' भन्ने मुल नाराका साथ आयुर्वेद स्वास्थ्य केन्द्र नभएका स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिएको विभागले स्पष्ट गरेको छ।

निमित्त महानिर्देशक डा ठाकुरका अनुसार यसअघि २३ वटा आयुर्वेदसम्बन्धी औषधि बिरामीलाई दिने गरेकामा अबदेखि ३५ प्रकारका अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराउन थालिएको छ।

आयुर्वेद सेवा केन्द्रहरूबाट कब्जियत, मधुमेह, उच्चरक्तचापलगायतका रोगका औषधि निःशुल्क रुपमा प्रदान गरिने व्यवस्था मिलाइएको छ।

नेपालमा सबै प्रदेशमा प्रादेशिक आयुर्वेद चिकित्सालय र केन्द्रीय तहमा आयुर्वेद चिकित्सालय नरदेवी तथा आयुर्वेद शिक्षण अस्पताल कीर्तिपुरबाट सेवा प्रदान भइरहेको छ।

# नयाँ कर्मचारीले जीवन बिमा कोषमा नपुग रकम जम्मा गर्नुपर्ने

काठमाडौँ, २२ असोज (रासस)।

नागरिक लगानी कोषले नयाँ नियुक्त कर्मचारीले आर्थिक वर्षमै नपुग बिमा 'प्रिमियम'बापतको रकम आफू कार्यरत कार्यालयमार्फत कोषमा एकमुष्ट जम्मा गरी अर्को आर्थिक वर्षदेखि बिमा सुनिश्चित गर्न सकिने जनाएको छ।

अन्यथा बिमा प्रिमियम रकम नपुगुन्जेलसम्म बिमा नहुने कोषले स्पष्ट पारेको छ। नागरिक लगानी कोषले बिमा कोष सञ्चालन कार्यविधि, २०७५ बमोजिम राष्ट्रिय बिमा संस्थानमा बिमा रकम पठाई राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बिमा कोष सञ्चालन गर्दै आइरहेको छ।

***तलब नपाएको...***

खडक नगरपालिका नै जिम्मेबार रहेको स्मरण गराउन चाहन्छौं।' भनेका छन्।

संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय, शिक्षा विभान तथा प्रविधी मन्त्रालय र जिल्ला प्रशासन कार्यालयलाई बोद्यार्थ राखेर शिक्षकहरुले बिज्ञप्ती जारी गरेका छन्।

यता प्रमुख प्रशासकीय अधिकृत बिनय सोनुलाई शिक्षकहरुले बाटोमै रोकेर तलब उपलब्ध गराउन माग गर्दै अभद्र व्यवहार गर्न खोजेका थिए।

सो सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत सोनुले भने, "शिक्षक तथा कर्मचारीको तलब भत्ता खुवाउन २४ घण्टै तयार छु तर अहिलेसम्म मेयर साहेबले अख्यिारी नै दिनु भएको छैन। कसरी तलब भत्ता निकासा गर्ने।"

# नेपाल सरकार र जर्मन सरकारबीच विभिन्न सम्झौतामा हस्ताक्षर

काठमाडौँ, २२ असोज (रासस)।

नेपाल सरकार र सङ्घीय गणतन्त्र जर्मनीबीच वित्तीय सहयोग र प्राविधिक सहयोगसम्बन्धी दुई महत्त्वपूर्ण सम्झौतामा बुधबार हस्ताक्षर भएको छ।

अर्थ मन्त्रालयमा भएको उक्त सम्झौतामा नेपाल सरकारको तर्फबाट मन्त्रालयका सहसचिव धनिराम शर्मा र जर्मन सरकारको तर्फबाट काठमाडौँस्थित नेपालका लागि सङ्घीय गणतन्त्र जर्मनीका राजदूत उडो भोल्जले हस्ताक्षर गर्नुभयो। यी सम्झौताले नेपालको ऊर्जा, स्वास्थ्य, कृषि, शासन तथा समावेशी विकासका प्राथमिकतालाई सहायता गर्ने लक्ष्य लिएको मन्त्रालयले जनाएको छ।

वित्तीय सहयोग सम्झौताअन्तर्गत जर्मन सरकारले "पावर डिस्ट्रीब्युसन स्ट्रेन्थेनिङ कार्यक्रम" मा सहयोगस्वरूप २० मिलियन युरो सम्मको प्रतिबद्धता जनाएको छ। यस परियोजना नेपालको विद्युतीय विवरण प्रणालीको स्तरोन्नति र सुदृढीकरणमा केन्द्रित हुने जनाइएको छ।

यो परियोजना नेपाल विद्युत् प्राधिकरणमार्फत कार्यान्वयन गरिने र त्यसका लागि नेपाल विद्युत् प्राधिकरण र जर्मन विकास बैंकबीच कार्यान्वयन सम्झौता पनि हुने उल्लेख छ। सम्झौताको कार्यान्वयन पाँच वर्ष भित्र अर्थात् ५ सेप्टेम्बर २०२९ सम्ममा सम्पन्न हुनुपर्ने उल्लेख गरिएको छ।

प्राविधिक सहयोग सम्झौता सन् १९७४ मा हस्ताक्षर गरिएको दीर्घकालीन ढाँचागत सम्झौता र सन् २००९ मा संशोधित सम्झौतामा आधारित रहेको जनाइएको छ। यसअन्तर्गत २१ मिलियन युरोसम्मको अनुमानित प्रतिबद्धतासहित जर्मनीले विभिन्न क्षेत्रमा सहयोग पुऱ्याउने बताइएको छ।

उक्त परियोजना स्वास्थ्य क्षेत्रमा, राष्ट्रिय लैङ्गिक समानता तथा सामाजिक समावेशी रणनीतिका लागि निरन्तर समर्थन प्रदान गर्दै स्वास्थ्य प्रणालीमा गुणस्तरीय पूर्वाधारलाई थप स्तरीय बनाउन सहयोग गर्नेछ।

त्यसैगरी कृषि तथा निजी क्षेत्रको विकास, समावेशी र जलवायु-प्रतिकारशील आर्थिक विकासलाई प्रवर्द्धन गर्ने कार्यक्रममासमेत सहयोग पुऱ्याउने परियोजनाको लक्ष्य छ। परियोजनाले थप अध्ययन तथा विज्ञ कोषमार्फत सल्लाहकार तथा प्राविधिक सहायता प्रदान गर्नेछ। यस प्राविधिक सहायता सम्झौताको कार्यान्वयन समेत पाँच वर्ष भित्रअर्थात् ५ सेप्टेम्बर २०२९ सम्ममा सम्पन्न हुने सम्झौतामा उल्लेख छ।

कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव शर्माले जर्मनीको निरन्तर सहयोगप्रति आभार व्यक्त गर्नुभयो। नेपालका लागि जर्मन सङ्घीय गणतन्त्रका राजदूत भोल्जले यो नयाँ प्रतिबद्धताले ऊर्जा, दिगो आर्थिक विकास र स्वास्थ्य क्षेत्रमा नेपाल र नेपाली जनतासँगको सहकार्यलाई अझ प्रगाढ बनाएको उल्लेख गर्नुभयो।

### *बैंकमा नाटकीय...*

गाउँपालिका निवासी ६५ बर्षीय मो. हकिम एकलाख रुपैयाँ जम्मा गर्न आएका थिए। रुपैयाँ जम्मा गर्ने क्रममा भौचर भर्दाभर्दै उनी लुटिएका थिए। काउन्टरमा भौचर भर्दै गर्दा पछाडी उभिएकी एक महिलाले बडो चलाखीपुर्ण तरिकाले उनको झोलाको चेन खेलेर पैसा झिकेकी थिईन्। त्यसपछि उनले त्यो रकम तत्कालै आफ्नो पछाडी उभिएकी एक नबालिकालाई दिएकी थिईन्।

ती महिला र उनीसंगै आएकाहरुले गरिरहेको व्यवहार सिसिटिभीबाट प्रत्यक्ष देखिएको बैंकका प्रबन्धक गणेश कुमार आसले बताए। आफुले नै उक्त सिसिटिभी फुटेज उपलब्ध गराई दिएपछि पीडित व्यक्ति न्याय खोज्दै प्रहरुको शरणमा पुगेको उनले सुनाए। पीडित व्यक्ति मो.हकिमले अनुसन्धान र अपराधी पत्ता लगाउन प्रहरीलाई सिसिटिभी फुटेज सहित ती अपरचित महिला समूह विरुद्ध उजुरी दिएको सुनाए।

जिल्ला प्रहरी कर्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायव उपरिक्षक डम्बर पुरीले बैंकका साथै आसपासका सिसिटिभी फुटेजको पनि अध्ययन गरी अपराधी पत्ता लगाउने काम भईरहेको बताए।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशात**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### युक्रेनी आक्रमणले रूसी तेल उद्योगमाथि कडा दबाब

लन्डन, २२ असोज (रासस/एएफपी)।

युक्रेनले हालका महिनाहरूमा रूसी रिफाइनरीहरू र तेल पूर्वाधारमाथि आक्रमण तीव्र पार्दै आएको छ। अगस्टको सुरुदेखि मात्रै ३० भन्दा बढी आक्रमण। आक्रमणको उद्देश्य मस्कोको युद्ध वित्तपोषण क्षमतालाई कमजोर पार्नु रहेको छ। रुस बिश्वको तेस्रो ठूलो तेल उत्पादक र दोस्रो ठूलो कच्चा तेल निर्यातकर्ता हो। अक्सफोर्ड इन्स्टिच्युट फर एनर्जी स्टडिजका अनुसार सन् २०२४ मा तेल र ग्यासबाट प्राप्त आम्दानीले रुसको कुल बजेटको किरब ३० प्रतिशत हिस्सा ओगटेको थियो।

ऊर्जा अनुसन्धान समूह क्ललरका बिश्लेषक होमायुन फालक्षाहीका अनुसार किएभको आक्रमण अहिले 'धेरै प्रभावकारी' देखिएको छ, जसले रूसी रिफाइनरी उत्पादन दर किरब १० प्रतिशतले घटाएको छ। अभावको जोखिम देखिँदै मस्कोले पेट्रोलियम उत्पादनहरूको निर्यातमा प्रतिबन्ध लगाएको छ र पेट्रोल निर्यातमाथिको रोकथाम बिस्तार गरेको छ। रुसको रिफाइनरी उत्पादन सेप्टेम्बरको मध्यसम्म दैनिक ४९ लाख ब्यारेलमा झरेको छ। ऊर्जा बिश्लेषक जानिव शाहका अनुसार यो सन् २०२५ को पहिलो छ महिनाको तुलनामा किरब चार लाख ब्यारेल कम हो। यसले रूसी कच्चा तेल र परिष्कृत उत्पादनहरूको मूल्यबीचको अन्तरलाई उल्लेखनीय रूपमा बढाएको छ। पम्पमा पेट्रोलको मूल्यमा परेको असर रूसी उपभोक्ताले पहिले नै महसुस गरिरहेका छन्। रोसस्टाटका तथ्याङ्कअनुसार सेप्टेम्बर १ सम्म खुद्रा पेट्रोलको मूल्य सन् २०२४ को अन्त्यको तुलनामा ६.७ प्रतिशतले बढिसकेको छ। यद्यपि सोही अवधिमा कच्चा तेलको मूल्य घटेको थियो।

क्षतिग्रस्त तेल पूर्वाधारहरू पुनः सञ्चालनमा ल्याउन 'लामो समय' लाग्ने सम्भावना रहेकाले बिश्लेषक शाहका अनुसार दीर्घकालमा रुसको स्थिति झनै बिग्रन सक्छ। तेलको बिश्वव्यापी मूल्य घट्दै गएको र बजारले आगामी महिनाहरूमा आपूर्ति प्रचुर मात्रामा हुने अपेक्षा गरेको समयमा यस्तो भइरहको छ। एसईबी बैंकका बिश्लेषक बार्ने सिल्ड्पले भन्नुभयो, "युक्रेनले रूसी रिफाइनरीहरूमा आक्रमण क्षमतामा सुधार गर्दै जाँदा स्थिति अझ गम्भीर बन्दै जाने सम्भावना छ।" साथै उहाँले रूसी तेल निर्यात बन्द र घरेलु रेशनिङ (प्रत्येक व्यक्तिलाई निश्चित मात्रामा (वस्तु) मात्र राख्न दिइने अनुमति) को सुरुआत हुन सक्ने पनि चेतावनी दिनुभयो। अमेरिकाका लागि युक्रेनका दूत किथ केलगले युक्रेनले अमेरिकी हतियार प्रयोग गरेर रुसमाथि लामो दूरीका आक्रमण गर्न सक्ने सङ्केत दिनुभएको छ।

रुसले केही तेल निर्यात पुनःमार्ग निर्धारण गर्न खोजे पनि यसले कठिन लजिस्टिक समस्या भोगिरहेको छ। साथै, यसको कच्चा तेल खरिद गर्न इच्छुक देशहरूको सङ्ख्या सीमित हुँदै गएको छ। सरे क्लिन एनर्जी कन्सल्टेन्सीका निर्देशक आदि इमसिरोभिकका अनुसार मस्कोमाथि लगाइएको अन्तर्राष्ट्रिय प्रतिबन्धहरूले अहिलेसम्म अपेक्षित प्रभाव पार्न सकेका छैनन्। "केही प्रतिबन्ध ढिलो कार्यान्वयन भएकाले राष्ट्रपति भ्लादिमिर पुटिनले समानान्तर व्यापार प्रणाली निर्माण गर्न पर्याप्त समय पाउनुभयो", उहाँले भन्नुभयो।

यसैबीच, बासिङ्टनले भारतका केही उत्पादनमा भन्सार शुल्क दोब्बर बनाउँदा पनि भारतको रूसी तेल खरिदमा खासै कमी आएको छैन। अर्कोतर्फ, पश्चिमी तेल कम्पनीहरू फिर्ता भएपछि रुसमा ऊर्जा पूर्वाधारमा लगानी घट्दै गएको छ, जसले निकट भविष्यमा उत्पादन क्षमतामा बाधा पुऱ्याउने देखिन्छ। फालशाहीका अनुसार हाल रुसले दैनिक किरब ९२ लाख ५० हजार मिलियन ब्यारेल तेल उत्पादन गरिरहेको छ। यो युद्धअघि रहेको लगभग एक करोड ब्यारेल प्रतिदिन (एमबिपिडी) को तुलनामा कम हो। हाल यसको अधिकतम उत्पादन क्षमता ९४ लाख ५० हजार एमबिपिडीमा सीमित छ।

### हिमाचलमा भीषण भूस्खलन, बसमा ठोक्किँदा १५ जनाको निधन

नयाँदिल्ली, २२ असोज (रासस/एपी)।

भारतको उत्तरी राज्य हिमाचल प्रदेशमा मङ्गलबार राति ठूलो भूस्खलनको भग्नावशेष बसमा ठोक्किँदा कम्तीमा १५ जनाको निधन भएको स्थानीय अधिकारीहरूले जानकारी दिएका छन्। दुर्घटना बिलासपुर जिल्लाको पहाडी भागमा भएको हो। केही दिनदेखि भइरहेको अबिरल वर्षापछि पहाड खस्दा सो बस भग्नावशेषमा परेको हो। बसमा किरब २० देखि २५ जना यात्रु सवार रहेका थिए। मृतकमध्ये नौ जना पुरुष, चार जना महिला र दुई जना बालबालिका रहेको प्रहरीले जनाएको छ। राज्यका मुख्यमन्त्री सुखबिन्दर सिंह सुखुको कार्यालयले जारी गरेको विज्ञप्तिअनुसार तीन जना घाइते बालबालिकालाई उद्धार गरी उपचारका लागि नजिकैको अस्पतालमा भर्ना गरिएको छ। अन्य बेपत्ता यात्रुहरूको खोजीका लागि उद्धार कार्य बुधबार पनि जारी रहेको प्रहरीले जनाएको छ। गत सोमबारदेखि हिमाचल प्रदेशमा लगातार बर्षा भइरहेको छ। बर्षाले कमजोर पहाडी भूभागहरूलाई अस्थिर बनाएको बताइएको छ।

भारतकी राष्ट्रपति द्रौपदी मुर्मू र प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त दुःखद घटनामा शोक व्यक्त गर्नुभएको छ। यस बर्षको तीव्र बर्षाले दक्षिण एसियाका धेरै देशहरू–भारत, पाकिस्तान, बङ्गलादेश, भुटान, श्रीलङ्का, अफगानिस्तान, माल्दिभ्स र नेपाल–मा बाढी र भूस्खलनजस्ता प्रकोपहरू निम्त्याइरहेका छन्। गत अगस्टमा भारतको उत्तराखण्ड राज्यको एउटा गाउँलाई आकस्मिक बाढीले पूर्णरूपमा बगाएको थियो। सोही सप्ताहन्तमा छिमेकी नेपालमा पहिरो जाँदा र भारी बर्षाका कारण कम्तीमा ४४ जनाको मृत्यु भएको थियो।

सप्ताहन्तको भारी बर्षा नेपालको मनसुन अन्त्यतिर आएको हो। मनसुन सामान्यतया जुन महिनामा सुरु भई सेप्टेम्बरको मध्यतिर समाप्त हुन्छ। यसले राजधानी काठमाडौँका केही भागमा समेत बाढी ल्याएको र शनिबार सबै आन्तरिक उडानहरू रद्द भएको थियो। जलवायु विज्ञहरूका अनुसार मानवजन्य जलवायु परिवर्तनले दक्षिण एसियाको मनसुनलाई अझ अस्थिर र तीव्र बनाइरहेको छ। एक समय पूर्वानुमान गर्न सकिने वर्षा अब अनियमित रूपमा हुने गर्छ। छोटो अवधिमा अत्यधिक बर्षा हुने र त्यसपछि लामो सुक्खा ल्याउने समयले यो क्षेत्रका जनजीवनमा गम्भीर चुनौती थपेको छ।

# क्षतिग्रस्त सडक पुनर्निर्माणमा १२ अर्ब लाग्ने, अवरुद्ध सडक सञ्चालन सरकारको पहिलो प्राथमिकतामा

काठमाडौं, २२ असोज (रासस) ।
सरकारले हालैको बाढीपहिरोबाट क्षतिग्रस्त सडक संरचना पुनर्निर्माण गर्न रु १२ अर्ब ३८ करोड लाग्ने जनाउँदै अवरुद्ध सडक सञ्चालनलाई पहिलो प्राथमिकता दिएको बताएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार मनसुनजन्य विपद्बाट क्षतिग्रस्त मुख्य राजमार्ग, वैकल्पिक सडक, बेलिब्रिज र स्थायी पुल पुनर्निर्माणका लागि रु १० अर्ब ६८ करोड लाग्ने अनुमान गरिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले बाढिपहिरोबाट क्षति पुगेर अवरुद्ध भएका सडक सञ्चालनलाई पहिलो प्राथमिकतामा राखेर मातहतका निकायले काम गरिरहेका बताउनुभएको छ । यथाशक्य चाँडो अवरुद्ध सडक सञ्चालन गर्न उपकरणसहितका जनशक्ति परिचालन गरिएको उहाँले बताउनुभएको छ ।

हालैको बाढीबाट मेची राजमार्गमा अधिक क्षति भएको छ । यो राजमार्गको पुनर्निर्माणका लागि रु एक अर्ब ५० करोड आवश्यक पर्ने अनुमान गरिएको छ । त्यसैगरी, क्षतिग्रस्त कोशी, मध्यपहाडी, हुलाकी, अरनिको, कान्ति, नारायणघाट–मुग्लिङलगायत राजमार्ग पुनःनिर्माण गर्न रु तीन अर्ब ७७ करोड लाग्ने सरकारको अनुमान छ ।

मन्त्री घिसिङको निजी सचिवालयका अनुसार क्षति भएका १७ वटा पुल पुनःनिर्माण गर्न रु चार अर्ब ५२ करोड, बेलिब्रिज जडान गर्न रु ८० करोड तथा वैकल्पिक सडक मर्मतसम्भार गर्न रु एक अर्ब ५९ करोड लाग्ने अनुमान सरकारले गरेको छ ।

# 'जेनजी' आन्दोलनका मृतकका परिवारको जाहेरी आयोगमा

काठमाडौं, २२ असोज (रासस) ।
जिल्ला प्रहरी परिसर काठमाडौंले 'जेनजी' आन्दोलनका मृतकका परिवारको किटानी जाहेरी आफ्नो कार्यादेशभित्र नपर्ने भन्दै 'भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२' मा पठाएको छ ।

मृतकका परिवारमध्ये चार/पाँच जनाले घटनाका दोषीलाई कारबाही गर्न माग गर्दै मंगलबार जाहेरी दर्ता गराउन आएका र आफूहरूले आयोगसमक्ष पठाएको परिसरका प्रहरी उपरीक्षक पवन भट्टराईले जानकारी दिनुभयो ।

उक्त उजुरी आयोगसमक्ष आइपुगेको र अध्ययन गरेर थप पक्रिया अघि बढाउने अध्यक्ष गौरीबहादुर कार्कीले जानकारी दिनुभयो । गृह मन्त्रालयले यही असोज ९ गते विज्ञप्ति जारी गरी आन्दोलनको अवधिमा भएका घटनाका सम्बन्धमा आयोगले छानबिन गर्ने जनाएको थियो ।

आयोगलाई भौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीका सम्बन्धमा आवश्यक राय दिने कार्यादेश रहेको छ । गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा काठमाडौंलगायत मुलुकका विभिन्न भागमा भएका भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गरी प्रतिवेदन पेस गर्न उक्त आयोग गठन भएको थियो । आयोगले यही असोज ९ गतेदेखि कार्य प्रारम्भ गरेको छ ।

# जापानीज इन्सेफ्लाइटिसका कारण मृत्यु हुनेको संख्या छ पुग्यो

चितवन, २२ असोज (रासस) ।
जिल्लामा जापानीज इन्सेफ्लाइटिसका कारण मृत्यु हुनेको सङ्ख्या छ पुगेको छ । साउनयता हालसम्म उनीहरूको मृत्यु भएको हो ।

जनस्वास्थ्य कार्यालयका अनुसार मृत्यु हुनेमा दुई जना भरतपुर महानगरपालिका, एक जना खैरहनी नगरपालिका, दुई जना राप्ती नगरपालिका र एक कालिका नगरपालिकाका रहेका छन् । पछिल्लो पटक खैरहनी वडा नम्बर ४ की महिलाको यो रोगका कारण मृत्यु भएको कार्यालयका किट नियन्त्रक राम केसीले जानकारी दिनुभयो ।

जिल्लामा हालसम्म १७ जनामा यो रोगको सङ्क्रमण देखा परेको छ । त्यसमध्ये १० महिला हुन भने सात पुरुष रहेका छन् । उनीहरूमध्ये तीन जना १५ वर्षमुनिका, पाँच जना १५ देखि ६० वर्षभित्रका र नौ जना ६० वर्षमाथिका रहेका छन् । सङ्क्रमितमध्ये १५ जनाले खोप नलगाएको र दुई जनाले खोप लगाएको अवस्था अस्पष्ट रहेको केसीले जानकारी दिनुभयो ।

सङ्क्रमितमध्ये सात जना भरतपुरभित्रका रहेका छन् । मृत्यु भएकामध्ये एक ८९ वर्षका, अर्का एक जना ८१ वर्षका र दुई जना ७० वर्षका रहेका छन् । एक जना ३९ वर्षीय र अर्का एक जना ४२ वर्षका रहेको उहाँले जानकारी दिनुभयो । यो रोग क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने कीटजन्य सरुवा रोग हो । यो लामखुट्टे घर बाहिर बस्न रुचाउने, घर बाहिर नै टोक्ने, साँझ र बिहान बढी सक्रिय हुने गर्दछ । यो लामखुट्टेले सुँगुर, बङ्गुर, हाँसजस्ता पशुपक्षीलाई टोक्यो भने सर्दछ । धानखेतीमा समेत यस लामखुट्टेले अण्डा पारेर लार्भा बनाउने गरेको कार्यालयका प्रमुख दिनेश रुपाखेतीले जानकारी दिनुभयो ।

# निर्वाचनसम्बन्धी छलफलका लागि राजनीतिक दललाई आयोगद्वारा पत्राचार

काठमाडौं, २२ असोज (रासस) ।
निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनसम्बन्धी छलफलका लागि यही असोज ३० गते राजनीतिक दललाई बोलाएको छ ।

आयोगले विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने तथा गत निर्वाचनमा कम्तीमा एक वडा सदस्यसम्म विजय हासिल गर्ने राजनीतिक दललाई आसन्न निर्वाचनको तयारीबारे छलफलमा आउन पत्राचार गरेको आयोगका आयुक्त डा जानकीकुमारी तुलाधरले जानकारी दिनुभयो । आयोगले नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतका दललाई पत्राचार गरेको जनाएको छ ।

आयोगले यही असोज २० गते निर्वाचन कार्यतालिका सार्वजनिक गरे पनि त्यो आयोगको आन्तरिक कामको योजनाका लागि भएकाले निर्वाचन कार्यक्रमलगायत विषयमा राजनीतिक दलको छलफलपछि निर्णय लिइने आयुक्त डा तुलाधरले बताउनुभयो ।

# प्रधानमन्त्री कार्कीसँग निर्वाचन आयोगका पदाधिकारीको छलफल

काठमाडौं, २२ असोज (रासस) ।
प्रधानमन्त्री सुशीला कार्कीसँग आसन्न निर्वाचन तयारीबारे निर्वाचन आयोगका पदाधिकारीले मंगलबार छलफल गर्नुभएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा आगामी फागुन २१ गतेको निर्वाचन कार्यतालिका सार्वजनिक भइसकेको अवस्थामा त्यसको कार्यान्वयनमा सरकार र राजनीतिक दलको सहयोगका विषयमा छलफल भएको जनाइएको छ । आयोगले सोमबार निर्वाचन कार्यतालिका सार्वजनिक गरिसकेको छ ।

छलफलमा अर्थमन्त्री रामेश्वरप्रसाद खनाल, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल, गृहमन्त्री ओमप्रकाश अर्याल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा र आयोगका तर्फबाट कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्तहरू सहभागी हुनुहुन्थ्यो ।

यसअघि यही असोज ७ गते पनि प्रधानमन्त्री कार्कीसँग निर्वाचनका विषयमा आयोगका पदाधिकारीले छलफल गर्नुभएको थियो । गत भदौ २३ र २४ गतेको 'जेनजी' प्रदर्शनपछि पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा सरकार गठन र प्रतिनिधिसभा विघटन भई आगामी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गरिएको छ ।

आयोगका प्रवक्ता नारायणप्रयासद भट्टराईले स्वच्छ, निष्पक्ष र स्वतन्त्र एवं मितव्ययी निर्वाचन गराउन आयोग प्रतिबद्ध रहेको स्पष्ट गर्दै आवश्यक स्रोतसाधनको व्यवस्था र परिचालनमा सरकारबाट सहयोगको अपेक्षा गरिएको बताउनुभयो । "त्यस अवसरमा निर्वाचनमा नागरिकको अधिकतम सहभागिता सुनिश्चितता, निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलसँग तिहारअघि नै छलफल गर्ने विषयमा पनि छलफल भएको छ", प्रवक्ता भट्टराईले भन्नुभयो," यसअघि सम्पन्न संसदीय निर्वाचका समयमा प्रयोग भएका स्रोतसाधनको प्रारम्भिक अनुमान गरी निर्वाचनका लागि थप आवश्यक स्रोतसाधन माग गर्ने विषयमा पनि छलफल भएको छ ।"

यसअघि आयोगको आग्रहमा तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न मतदाता नामावली ऐन, २०७३ मा संशोधन भई मतदाता नामावली सङ्कलन भइरहेको छ ।

# सरकारको मुख्य कार्यादेश निर्वाचन गराउनु हो : सञ्चारमन्त्री खरेल

काठमाडौं, २२ असोज (रासस) ।
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले 'जेनजी' आन्दोलनको जगबाट निर्मित वर्तमान सरकारको मुख्य कार्यादेश सबै राजनीतिक दल र जनताको सहभागितामा तोकिएको समयावधिमा प्रतिनिधिसभाको निर्वाचन गराउनु रहेको बताउनुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस)को भद्रकालीस्थित केन्द्रीय कार्यालयको बुधबार अवलोकन भ्रमणपछि आयोजित कार्यक्रममा मन्त्री खरेलले आगामी फागुन २१ गते हुने निर्वाचनको वातावरण बनाउन सबैसँग आग्रह गर्नुभयो । निर्वाचन गर्ने सन्दर्भमा सरकारका तर्फबाट प्रधानमन्त्री सुशीला कार्कीबाट प्रतिबद्धता आइसकेको स्पष्ट पार्दै निर्वाचनको वातावरण निर्माण गर्न महत्त्वपूर्ण भूमिका हुने सञ्चार जगतबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

"यो जेनजी आन्दोलनको जग, सबै राजनीतिक दल र जनताको चाहनामा बनेको सरकार हो । निर्वाचनमा जाने सबै दल र जनताको चाहना छ । यसै क्रममा निर्वाचन आयोगबाट कार्यतालिका प्रकाशन भइसकेको छ । निर्वाचनको वातावरण बनाउन राससले पनि भूमिका खेल्नेछ भन्ने मैले विश्वास लिएको छु", सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री खरेलले भन्नुभयो, "यो सरकारसँग निर्वाचनका साथै सुशासन कायम, भ्रष्टाचारको अन्त्य र जेनजी आन्दोलनका क्रममा भएको जनधनको क्षतिमाथिको छानबिन र कारबाही एवं प्राकृतिक विपद्पछिको राहत र पुनःस्थापना पनि 'म्याण्डेट' रहेको छ । त्यो पूरा गर्न सरकार प्रतिबद्ध छ ।" उहाँले आसन्न निर्वाचनको वातावरण तयार गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा राजनीतिक दलहरूसँग संवाद भइरहेको उल्लेख गर्नुभयो ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*